# भानु जन्मस्थल विकास समिति (गठन) आदेश, २०५२

नेपाल राजपत्रमा प्रकाशित मिति

२०५२।१०।२२

विकास समिति ऐन, २०१३ को दफा ३ ले दिएको अधिकार प्रयोग गरी नेपाल सरकारले देहायको आदेश जारी गरेको छ।

१. **संक्षिप्त नाम र प्रारम्भ** : (१) यस आदेशको नाम "भानु जन्मस्थल विकास समिति (गठन) आदेश, २०५२" रहेको छ।

(२) यो आदेश तुरुन्त प्रारम्भ हुनेछ।

२. **परिभाषा** : विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस आदेशमा, -

(क) "समिति" भन्नाले दफा ३ बमोजिम गठित भानु जन्मस्थल विकास समिति सम्झनु पर्छ।

(ख) "भानु जन्मस्थल" भन्नाले देहायका क्षेत्रहरू सम्झनु पर्छ :-

(१) भानु गाउँ विकास समितिको वडा नं. २, ३, ४, ५ र ६ का क्षेत्रहरू,

(२) तनहुँ सुर गाउँ विकास समितिको वडा नं. १ का क्षेत्रहरू

(३) बर भन्ज्याङ गाउँ विकास समितिको वडा नं. ४, ५, ६ र ८ का क्षेत्रहरू।

**सिमाना क्षेत्र** :

पूर्व - मर्स्याङ्गदी नदी

पश्चिम - पल्याङ्गखोला

उत्तर - फाउंदी खोला

दक्षिण - वरभन्ज्याङ्ग डाँडा

(ग) "अध्यक्ष" भन्नाले समितिको अध्यक्ष सम्झनु पर्छ।

(घ) "सदस्य" भन्नाले समितिको सदस्य सम्झनु पर्छ र सो शब्दले समितिको अध्यक्ष र सदस्य-सचिव समेतलाई जनाउँछ।

(ङ) "कार्यकारी निर्देशक" भन्नाले दफा ६ बमोजिम नियुक्त कार्यकारी निर्देशक सम्झनु पर्छ।

(च) "तोकिएको" वा "तोकिए बमोजिम" भन्नाले यस आदेश अन्तर्गत बनेको नियममा तोकिएको वा तोकिएबमोजिम सम्झनु पर्छ ।

३. **भानु जन्मस्थल विकास समितिको गठन** : (१) भानु जन्मस्थलको सामाजिक, आर्थिक, साँस्कृतिक पक्षको संरक्षण एवं सम्बर्द्धन गरी नेपाली भाषा र साहित्यको विशिष्ट केन्द्रको रूपमा विकसित गर्न भानु जन्मस्थल विकास समिति नामको एउटा समिति गठन हुनेछ ।

(२) समितिमा देहायका सदस्यहरू रहनेछन् :-

(क) नेपाल सरकारले तोकेको व्यक्ति - अध्यक्ष

(ख) भानु जन्मस्थलसंग सम्बन्धित क्षेत्र संसद सदस्य - सदस्य

(ग) सभापति, तनहुँ जिल्ला विकास समिति - सदस्य

(घ) अध्यक्ष, भानु गाउँ विकास समिति - सदस्य

(ङ) अध्यक्ष, तनहुँसुर गाउँ विकास समिति - सदस्य

(च) अध्यक्ष, वरभन्ज्याङ गाउँ विकास समिति - सदस्य

(छ) प्रमुख जिल्ला अधिकारी, जिल्ला प्रशासन कार्यालय, तनहुँ - सदस्य

(ज) प्रमुख, मालपोत कार्यालय, तनहुँ - सदस्य

(झ) प्रतिनिधि, युवा, खेलकूद तथा संस्कृति मन्त्रालय - सदस्य

(ञ) भानु जन्मस्थल तथा नेपाली भाषा र साहित्यको क्षेत्रमा विशिष्ट योगदान गरेका व्यक्तिहरूमध्ये नेपाल सरकारले मनोनीत गरेको तीन जना - सदस्य

(ट) कार्यकारी निर्देशक - सदस्य-सचिव

(३) अध्यक्ष तथा मनोनीत सदस्यहरूको पदावधि दुई वर्षको हुनेछ र निजहरू पुनः मनोनयन हुन सक्नेछन् ।

(४) नेपाल सरकारले आवश्यक देखेमा नेपाल राजपत्रमा सूचना प्रकाशन गरी समितिका सदस्यहरूमा आवश्यक थपघट वा हेरफेर गर्न सक्नेछ ।

नेपाल कानून आयोग

४. **समितिको काम, कर्तव्य र अधिकार** : समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :-

(क) भानु जन्मस्थलको विकास सम्बन्धी योजना तथा कार्यक्रमहरू स्वीकृत गरी कार्यान्वयन गराउने,

(ख) भानु जन्मस्थलको विकास सम्बन्धी योजना तथा कार्यक्रमहरू कार्यान्वयन गर्नका लागि विदेशी सरकार, राष्ट्रिय वा अन्तर्राष्ट्रिय संघ, संस्था, निकाय वा व्यक्तिबाट नगद वा जिन्सी वा अन्य कुनै प्रकारको सहयोग प्राप्त गर्ने,

(ग) आदिकवि भानुभक्तसंग प्रत्यक्ष वा अप्रत्यक्ष रूपमा सम्बन्धित रहेको प्राचीन साँस्कृतिक, ऐतिहासिक तथा पुरातात्विक महत्वका स्थलहरूको संरक्षण, सम्बर्द्धन एवं पुनःनिर्माण गर्ने,

(घ) भानु जन्मस्थलमा रहेको भानु पुस्तकालयलाई नेपाली भाषा र साहित्यको केन्द्रको रूपमा सुदृढ गराउने,

(ङ) आदिकवि भानुभक्तका समकालीन साहित्यकारहरूको हस्तलिखित पाण्डुलिपी एवं मुद्रित सामग्रीहरू तथा भानुभक्तसंग सम्बन्धित प्राचीन सामग्रीहरूको सङ्कलन र संरक्षण गर्ने,

(च) भानु जन्मस्थलको प्राकृतिक सम्पदा एवं वातावरणको संरक्षण तथा सम्बर्द्धन गर्ने,

(छ) भानु जन्मस्थलमा रहेका शैक्षिक संस्था, स्वास्थ्य केन्द्र, पुल, ढल, कुलो, पानी, विजुली, टेलिफोन, सडक जस्ता आधारभूत चिजहरूलाई व्यवस्थित गर्ने,

(ज) भानु जन्मस्थलमा समय समयमा भाषिक, साहित्यिक, शैक्षिक तथा साँस्कृतिक महत्वका सभा, सम्मेलन, गोष्ठी वा प्रदर्शनको आयोजना गर्ने,

(झ) भानु जन्मस्थलसंग सम्बन्धित सरकारी तथा गैर सरकारी संस्थाहरू बीच आवश्यक समन्वय गराउने,

(ञ) भानु जन्मस्थलको गरिमालाई आघात पुर्‍याउने कामहरूको नियन्त्रण तथा निषेध गर्ने र

(ट) यस आदेश बमोजिम समितिको उद्देश्य पूर्तिको लागि अन्य काम गर्ने, गराउने ।

५. **समितिको बैठक सम्बन्धी कार्यविधि** : (१) समितिको बैठक वर्षको कम्तीमा दुई पटक बस्नेछ ।

(२) समितिको बैठक अध्यक्षले तोकेको मिति, समय र स्थानमा बस्नेछ र बैठक बस्ने सूचना बैठक बस्नु भन्दा कम्तीमा पन्ध्र दिन अगावै सदस्यहरूलाई दिनु पर्नेछ।

(३) समितिको बैठकको अध्यक्षता अध्यक्षले गर्नेछ र निजको अनुपस्थितमा उपस्थित सदस्यहरूले आफू मध्येबाट छानेको सदस्यले बैठकको अध्यक्षता गर्नेछ।

(४) समितिको कूल सदस्य संख्याको पचास प्रतिशत सदस्यहरू उपस्थित भएमा समितिको बैठकको लागि गणपुरक संख्या पुगेको मानिने छ।

(५) समितिको बैठकमा बहुमतको राय मान्ने हुनेछ र मत बराबर भएमा अध्यक्षता गर्ने व्यक्तिले निर्णायक मत दिनेछ।

(६) समितिको निर्णय सदस्य-सचिवले प्रमाणित गर्नेछ।

(७) समितिले आवश्यकता अनुसार स्वदेशी वा विदेशी विशेषज्ञ वा सल्लाहकारहरूलाई समितिको बैठकमा पर्यवेक्षकको रूपमा भाग लिन आमन्त्रण गर्न सकनेछ।

(८) समितिको बैठक सम्बन्धी अन्य कार्यविधि समिति आफैले निर्धारण गरे बमोजिम हुनेछ।

६. **कार्यकारी निर्देशक** : (१) समितिको प्रशासकीय प्रमुखको रूपमा काम गर्न नेपाल सरकारले कार्यकारी निर्देशकको नियुक्ति गर्न सक्नेछ।

(२) कार्यकारी निर्देशकको पदावधि चार वर्षको हुनेछ।

(३) उपदफा (२) मा जुनसुकै कुरा लेखिएको भए तापनि नेपाल सरकारले आवश्यक देखेमा कार्यकारी निर्देशकलाई निजको पदावधि समाप्त नहुँदै पदबाट हटाउन सक्नेछ।

(४) कार्यकारी निर्देशकको पारिश्रमिक, सेवाको शर्त तथा सुविधा नेपाल सरकारको स्वीकृति लिई समितिले तोके बमोजिम हुनेछ।

७. **समितिका कर्मचारी** : (१) समितिले आवश्यकता अनुसार समितिका कर्मचारीहरू नियुक्ति गर्न सक्नेछ।

(२) समितिका कर्मचारीहरूको पारिश्रमिक, सेवाको शर्त तथा सुविधा तोकिए बमोजिम हुनेछ।

८. **समितिको कोष** : (१) समितिको एउटा छुट्टै कोष हुनेछ र सो कोषमा देहायका रकमहरू रहनेछन् :-

(क) नेपाल सरकारबाट प्राप्त रकम ।

(ख) कुनै व्यक्ति वा संस्थाले चन्दा वा सहायता स्वरूप प्रदान गरेको रकम ।

(ग) अन्तर्राष्ट्रिय संघ, संस्था, विदेशी सरकार वा एजेन्सीबाट प्राप्त रकम ।

(घ) समितिले उपलब्ध गराएको कुनै सेवा वापत प्राप्त हुन आएको रकम ।

(ङ) भानु जन्मस्थल विकास समितिसंग सम्बन्धित जिल्ला विकास समिति, नगरपालिका वा गाउँ विकास समितिबाट प्राप्त अनुदान रकम ।

(च) अन्य कुनै स्रोतबाट प्राप्त रकम ।

(२) उपदफा (१) को खण्ड (ग) अन्तर्गतको रकम प्राप्त गर्नु अघि समितिले नेपाल सरकारको स्वीकृति लिनु पर्नेछ ।

(३) समितिको कोषमा रहने रकम नेपालको कुनै बैंकमा खाता खोली जम्मा गरिनेछ ।

(४) समितिको नामबाट गरिने सबै खर्च उपदफा (१) बमोजिमको कोषबाट ब्यहोरिनेछ ।

(५) समितिको खाता सञ्चालन समितिले निर्धारण गरे बमोजिम हुनेछ ।

९. **लेखा र लेखा परीक्षण** : (१) समितिको आय-व्ययको लेखा प्रचलित कानून बमोजिम राख्नु पर्नेछ ।

(२) समितिको लेखा परीक्षण महालेखा परीक्षकको विभाग वा सो विभागबाट तोकेको लेखा परीक्षकबाट हुनेछ ।

(३) नेपाल सरकारले समितिको आय-व्ययको लेखा, तत्सम्बन्धी कागजात र अरु नगदी वा जिन्सी जुनसुकै बखत जाँच्न वा जँचाउन सक्नेछ ।

नेपाल कानून आयोग

१०. **उपसमिति वा कार्यटोली गठन गर्न सक्ने** : (१) समितिले यो आदेश र यस आदेश अन्तर्गत बनेको नियम बमोजिम आफूले गर्नु पर्ने काम गर्नको निमित्त आवश्यकता अनुसार उपसमिति वा कार्यटोली गठन गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिम गठन हुने उपसमिति वा कार्य टोलीहरूको काम, कर्तव्य र अधिकार तथा कार्यविधि समितिले तोके बमोजिम हुनेछ ।

११. **बैठक भत्ता तथा अन्य सुविधा** : अध्यक्ष र सदस्यहरूले नेपाल सरकारले तोके बमोजिम बैठक भत्ता तथा सुविधा पाउनेछन् ।

१२. **अधिकार प्रत्यायोजन** : समितिले आफूलाई प्राप्त अधिकारमध्ये केही वा सबै अधिकार आवश्यकता अनुसार अध्यक्ष, सदस्य, कार्यकारी निर्देशक, उपसमिति वा कार्यटोली वा समितिको कुनै अधिकृत कर्मचारीलाई प्रत्यायोजन गर्न सक्नेछ ।

१३. **नेपाल सरकारसंग सम्पर्क** : समितिले नेपाल सरकारसंग सम्पर्क राख्दा युवा, खेलकूद तथा संस्कृति मन्त्रालय मार्फत राख्नु पर्नेछ ।

१४. **समितिको कार्यालय** : समितिको मुख्य कार्यालय तनहुँ जिल्लाको भानु गाउँ विकास समितिमा रहनेछ र आवश्यकता अनुसार अन्य स्थानमा पनि सम्पर्क कार्यालय रहन सक्नेछ ।

१५. **नियम बनाउने अधिकार** : समितिले यस आदेशको उद्देश्य पूर्तिको लागि आवश्यक नियमहरू बनाउन सक्नेछ र नेपाल सरकारबाट स्वीकृत भएपछि मात्र त्यस्तो नियमहरू लागू हुनेछ ।

नेपाल कानून आयोग